वर्ष १, अंक २, २०६१ असोज–मंसिर

# शान्तिका पहलहरू

शान्तिका लागि सहकार्यद्वारा प्रकाशित त्रैमासिक बुलेटिन




फोटो : ईश्वरचन्द्र शिवाकोटी

२०६१ साउन ३० गते शान्तिका लागि सहकार्य र दियालो परिवारद्वारा संयुक्त रूपमा नारायणगढमा आयोजित अन्तर्क्रिया कार्यक्रमको एक झलक ।


**वेभसाईट**
www.friendsforpeace.org.np

**ईमेल**
info@ffp.org.np

**संयोजन**
विष्णुराज उप्रेती

**सम्पादन समूह**
नारद भारद्वाज
सुजाता थापा
शिवकुमार ढुङ्गाना


## सम्पादकीय

विद्यमान द्वन्द्व समाधान गर्न बढ्दो दवावको वावजुद पनि हिंसा अझै जारी छ । सरकार र माओवादी दुवै सैनिक उपायले एक अर्कामाथि विजय हासिलगर्ने उद्देश्यले हिंसालाई अझै बढाईरहेका छन् । अनर्थपूर्ण हिंसाको चपेटामा परेर रुन–रुन धेरै निर्दोष जनताले ज्यान गुमाई रहेका छन्, विस्थापन र अपहरणको शिकार भईरहेका छन् । बढ्दो असुरक्षाको स्थितिले देशको सामान्य जन–जीवन बिथोलिएको छ र यातायातमा असर परेको छ र जनताको उत्पादक गतिविधि ठप्प भएको छ । सरकारी सेना र माओबादी लडाकुहरूको बीचमा हालसालै भएका मुठभेड र दुवैतिर भइरहेको ठूलो हताहतको संख्यालाई हेर्दा आउने दिनहरूमा हिंसा अरु विस्फोटक रूपमा बृद्धि हुने कुरा अनुमान गर्न सकिन्छ । विकास संरचना र अन्य सम्बद्ध क्षतिको लेखाजोखा गर्न कठिन छ तर बढ्दो द्वन्द्वले देशलाई असफल राष्ट्रको सम्मुख पुऱ्याएको छ । त्यति मात्र होइन, विद्रोह अब विदेशी हस्तक्षेपलाई निम्त्याउने गरी देशको सीमा बाहिर समेत फैलिने खतरा टड्कारो बन्दै गएको छ । देशको राजनीतिलाई अस्त व्यस्त पारेर द्वन्द्वले अन्तर्राष्ट्रिय ध्यानाकर्षण समेत गरेको छ । असौज १८ पछि लिक छोडेको प्रजातान्त्रिक प्रक्रियाले फेरि लिक पक्रने कुनै संकेत देखिएको छैन । निर्वाचित संसद र राजनीतिक पार्टीहरूको देशको शासनमा संलग्नताको अभावमा अध्यादेशको शासन लम्बिने सम्भावना बढेर गएको छ ।

द्वन्द्वको शान्तिपूर्ण समाधानमा प्रतिबद्ध अनुसन्धान संस्थाको रूपमा एफ. एफ. पी. ले विद्यमान द्वन्द्वको विषयमा विभिन्न अनुसन्धान गरिरहेको छ । अनुसन्धानका विषयहरूमा बिभिन्न द्वन्द्वरत देशहरूका तुलनात्मक अनुभवहरू, सुरक्षाक्षेत्र सुधार, संविधान निर्माणबारे छलफल, द्वन्द्व रूपान्तरणमा क्षेत्रीय अवधारणा र नेपाल भारत सम्बन्धका विभिन्न पक्षहरू छन् । अहिलेसम्म यसले बीसवटा जति अनुसन्धानकार्य पूरा गरेको छ जसमध्ये केही प्रकाशित भइसकेका छन् र केही प्रकाशोन्मुख छन् । अनुसन्धान र अन्तर्क्रियाहरूको निष्कर्षले शान्तिपूर्ण ढंगले द्वन्द्वको समाधान हुनुपर्छ भन्ने यसको विश्वासलाई पुष्टी गरेको छ । एफ.एफ.पी. ले सधैंभरी संवैधानिक शक्तिहरूको बीचको एकतालाई बलियो पार्ने र युद्धरत शक्तिहरूलाई वार्ताको टेबलमा ल्याउने कुरामा केन्द्रित भएर काम गर्दै आइरहेको छ । भविष्यमा पनि यो संस्था आफ्नो बाटोबाट बिचलित हुने छैन ।

हालसालै आएर नेपाली राजनीतिक आकाशमा सकारात्मक संकेतहरू पनि देखिएका छन् । सरकारले शान्ति आयोग गठन गरेको छ, विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले देशको प्रजातान्त्रिकरण र सरकार विद्रोहीबीचको शान्ति वार्ताको पक्षमा आफ्ना विचारहरू व्यक्त गरेका छन् । त्यसैगरी द्वन्द्व पीडित जनताहरू र शान्तिका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्थाहरूले पनि लामो द्वन्द्व समाधानमा सक्रिय भूमिका खेल्न थालेका छन् । अँध्यारो राजनीतिक आकाशमा देखिएका यिनै उज्याला सम्भावनाहरूलाई पछ्याउँदै एफ. एफ. पी. भविष्यमा शान्तिका पहलकदमीहरूलाई सुदृढ पार्ने र अनुसन्धानका निष्कर्षहरूलाई देश र विदेशका शान्तिकामी जनताहरूसम्म पुऱ्याउने कार्यमा लाग्ने छ ।

*(यस अङ्कदेखि 'शान्तिका पहलहरू' लाई त्रैमासिक बुलेटिन बनाइएको छ ।)*

## यस अंकमा


- विगत छ महिनालाई नियालेर हेर्दा
- गतिविधिः अध्ययन अनुसन्धान, अन्तर्क्रिया तथा कार्यशाला गोष्ठी
- श्रीलङ्कामा भएका शान्ति प्रयासले सिकाएका पाठहरू
- नेपालमा हल्का अस्त्रको प्रसार र यसबाट सिर्जित समस्या : एक छलफल
- नेपालमा सुरक्षा क्षेत्र सुधार : अवसर र चुनौतीहरू
- वर्तमान राजनीतिक परिस्थिति शान्तिको मापदण्ड अनुकूल छैन *–दमननाथ ढुङ्गाना*
- अन्तर्क्रिया कार्यक्रम सम्पन्न
- साधारण सभा सम्पन्न
- अनुसन्धान कार्य र प्रकाशनहरू

# विगतका छ महिनालाई
# नियालेर हेर्दा

नागरिक समाजले शान्ति स्थापनाका लागि गरेका धेरै प्रयासहरू मध्ये "शान्तिका लागि सहकार्य" को स्थापना पनि एक हो ।

माओवादी विद्रोहले सृजना गरेको संकटको घडीमा स्थापना भएको यस संस्थाले विगत ६ महिनामा समसामयिक, सामाजिक र राजनैतिक विषयमा छलफल, गोष्ठीहरू, अन्तर्क्रियाहरू र अध्ययन अनुसन्धान गरी त्यसका निष्कर्षहरू सम्प्रेषण गर्ने एक मञ्चको रूपमा आफूलाई विकास गर्दै लगेको छ । विगतका दिनहरूमा विभिन्न जिल्लाहरू मकवानपुर, चितवन, सुनसरी, धनकुटा, बर्दिया, दाङ, बारा, पर्सा, स्याङ्जा आदि र काठमाडौंमा गरिएका अन्तर्क्रिया र गोष्ठीहरूले नेपालका बौद्धिक, राजनैतिक तथा विद्यार्थी समुदायबीच सुसूचीत संवाद र छलफलको वातावरण तयार पार्दै शान्ति स्थापनामा ध्यान पुऱ्याउनु पर्ने मुद्दाहरूबारे राष्ट्रिय बहस अगाडि सारेको छ । वर्तमान द्वन्द्वको परिप्रेक्ष्यमा प्रकाशोन्मुख अध्ययन अनुसन्धानहरूले सुरक्षा क्षेत्र सुधार, साना तथा हलुका हातहतियारको प्रयोग, संविधान निर्माण आदिजस्ता महत्त्वपूर्ण मुद्दाहरू अगाडि सारेको छ । यसले गएको छ महिनामा तीन वटा राष्ट्रिय स्तरका गोष्ठीहरू र विभिन्न जिल्लाहरू र काठमाण्डौमा गरी १८ वटा अन्तर्क्रियाहरू र बहसहरू चलाएको छ ।

अबका ६ महिनामा यस संस्थाले गरिसकेका अध्ययन अनुसन्धानहरू जस्तै द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका, विभिन्न देशको शान्ति प्रकृया: एक तुलनात्मक अध्ययन, संविधानसभा बारेमा वर्तमान बहस, नेपालको भौगोलिक विशिष्टता र द्वन्द्व रूपान्तरणमा क्षेत्रीय दृष्टिकोण साथै १४ वटा जिल्लाहरूमा (बारा, पर्सा, मकवानपुर, धनकुटा, सुनसरी, स्याङ्जा, चितवन, संखुवासभा आदिमा) गरिएका शान्तिसम्बन्धी गतिविधिहरूको अध्ययनलाई सुदृढीकरण र प्रकाशन गर्ने योजना गरेको छ। यसका साथै अन्तर्क्रिया, गोष्ठी र छलफल कार्यक्रमहरू नियमित रूपमा (प्रत्येक महिना) सञ्चालन गरिदैंछ । अहिलेसम्म भएका अध्ययन अनुसन्धानहरूको सारसंक्षेप तयार गरी राष्ट्रिय बहस चलाउने समेत हाम्रो योजना रहेको छ ।

गतिविधि

## अध्ययन/अनुसन्धान

द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धार्मिक तथा अध्यात्मिक क्षेत्रको भूमिकाबारे केशव प्रसाद चौलागाईंद्वारा गरिएको अनुसन्धानमा विभिन्न धार्मिक सम्प्रदायहरू जस्तै इसाई, बौद्ध, जैन, ईस्लाम आदिमा निहित शान्ति दर्शन र धर्मोपदेशहरू बारे विश्लेषण गर्न खोजिएको छ । साथै संसारमा भएका धार्मिक द्वन्द्व र त्यसका कारणहरू बारे पनि छोटो रूपमा विश्लेषण गर्न खोजिएको छ ।

तुलनात्मक शान्ति प्रक्रियाहरूको अध्ययनबारे आनन्द आदित्य, विष्णुराज उप्रेती र पूर्णकान्त अधिकारीद्वारा संयुक्त रूपमा अनुसन्धान गरिएको हो । यस अध्ययनमा द्वन्द्वग्रसित ५० वटा देशहरूका शान्ति स्थापनाका अनुभवहरू, त्यहाँको संविधान निमार्ण प्रक्रिया, वार्ता, निशस्त्रीकरण, विसैन्यीकरण आदिका बारेमा विश्लेषण गरिएको छ । यो प्रतिवेदन प्रकाशोन्मुख रहेको छ ।

नेपालको आगामी शान्ति प्रक्रियामा भारतको भूमिकाबारे श्याम श्रेष्ठद्वारा गरिएको अध्ययनमा नेपाल-भारत सम्बन्धको ऐतिहासिक पक्ष, नेपालको राजनीतिमा भारतले खेल्दै आएको भूमिका, भारतले आगामी शान्ति वार्तामा खेल्नु पर्ने भूमिकाबारे महत्त्वपूर्ण सवालहरू उठाएको छ । यो प्रतिवेदन पनि प्रकाशोन्मुख रहेको छ ।

सहकारी जलस्रोत विकास र व्यवस्थापन : जटिलता भित्रको प्रतिस्पर्धा नामक अध्ययन अजय दीक्षितद्वारा गरिएको हो । यसमा २०४६ सालमा लोकतन्त्रको स्थापनापछि भएका जलस्रोतसम्बन्धी दुईवटा प्रमुख घटनाहरू अरुण तेस्रोबाट विश्व बैंकले हात झिक्नु र महाकाली सन्धिबारे चर्चा गरिएको छ । यस अध्ययनमा यी दुई विवादास्पद घटनाहरूबाट नेपालले सिकेको पाठ र जलस्रोत विकासमा भएका सहभागितामूलक पहलहरूका बारे विश्लेषण गरिएको छ ।

आन्तरिक द्वन्द्व र नेपाल-भारतबीचको खुला सीमाना सम्बन्धी हरि रोकाद्वारा गरिएको अनुसन्धानले नेपाल-भारतबीचको आर्थिक, सामाजिक र राजनैतिक सम्बन्ध, सीमा व्यवस्थापन सम्बन्धी सीमा क्षेत्रका जनताहरूको विचार र भारतीय शासकवर्गहरू र बौद्धिक तथा आम जनताले नेपालको द्वन्द्वलाई कसरी हेरिरहेका छन् भन्ने बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ । माओवादी द्वन्द्वका परिप्रेक्ष्यमा खुला सीमानाका कारणले गर्दा नेपाली जनताले भोग्नु परेका कठिनाईहरू र सीमा विवादका कारणहरूको विश्लेषण गरिएको छ ।

## अन्तर्क्रिया तथा कार्यशाला गोष्ठी

२०६१ मङ्सिर ३ गते "दक्षिण एसियामा बढ्दो माओवादी द्वन्द्वको परिप्रेक्ष्यमा क्षेत्रीय सुरक्षाको प्रश्न" विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । ५५ जना सहभागीहरू रहेको उक्त कार्यक्रममा प्रमुख श्रोत व्यक्ति जवाहरलाल नेहरू विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्राध्यापक एस.डी. मुनी हुनुहुन्थ्यो ।

मंसिर २० गते "संविधानसभा र द्वन्द्व रूपान्तरणमा क्षेत्रीय दृष्टिकोण" विषयक कार्यशाला गोष्ठीको आयोजना गरियो । ८९ जनाको सहभागिता रहेको उक्त गोष्ठीमा प्राध्यापक कृष्ण खनालद्वारा संविधानसभा बारे वर्तमान बहस र राजन भट्टराईद्वारा "नेपालको भौगोलिक विशिष्टता र द्वन्द्व रूपान्तरणमा क्षेत्रीय दृष्टिकोण" गरी दुई कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । गोष्ठीमा प्राप्त सुझाव तथा प्रश्नहरूलाई समावेश गरिएपछि यी दुई कार्यपत्रहरू प्रकाशन गरिने छ ।



# श्रीलङ्कामा भएका शान्ति प्रयासले सिकाएका पाठहरू

भाषिक, जातीय, धार्मिक, राजनैतिक कारणहरूमा आधारित श्रीलंकाको द्वन्द्वबाट नेपालले के सिक्नसक्छ भन्ने विषयमा २०६१ साल असोज १८ गते शान्तिका लागि सहकार्यले आयोजना गरेको छलफल कार्यक्रममा श्रीलंकाली द्वन्द्व विशेषज्ञ र नेपाली सहभागीहरू (नागरिक समाज, राजनीतिज्ञहरू र बौद्धिक व्यक्तित्वहरू) बीच भएको अन्तर्क्रियाबाट नेपालले निम्न कुराहरू सिक्न सक्ने निचोड निकालेको छ। यस कार्यक्रममा नेशनल पिस काउन्सिल श्रीलंकाका मिडिया निर्देशक डा. जेहान परेरा प्रमुख स्रोत व्यक्ति हुनहन्थ्यो ।

श्रीलङ्काको द्वन्द्वको आफ्नै वस्तुगत र परिस्थितिगत विशिष्टता र विशेषता भए पनि त्यहाँको द्वन्द्व संसारका अन्य द्वन्द्वभन्दा नितान्त भिन्न पनि छैन। त्यहाँ भएका शान्तिका प्रयासहरू, श्रीलंकाले भोगेका कठिनाईहरू र त्यसको पृष्ठभूमि, त्यहाँ सफल भएका शान्ति प्रयासहरूको पछाडिका कारणहरू सुक्ष्म रूपले केलाई त्यस्ता प्रयासको सफलता र असफलताको लागि विभिन्न पक्षले खेलेको भूमिकाको समीक्षाबाट नेपाल लगायत अन्य सशस्त्र द्वन्द्वरत देशहरूले निम्न पाठ सिक्न सक्छन् :

(१) सन् २००० मा आएर श्रीलंकाका शासकहरू र विद्रोही नेताहरू दुवै पक्षले युद्धद्वारा कसैले जित्न नसक्ने निचोडमा पुगी तेश्रो पक्षको मध्यस्थतामा युद्धविराम गर्न तैयार भए। तसर्थ नेपालमा पनि द्वन्द्वरत पक्षहरूमा सैन्य समाधान सम्भव छैन भन्ने महसुस हुनु पर्दछ।

(२) कुनै पनि द्वन्द्व समाधान गर्न आवश्यक त्याग शासक वर्गबाट देखाईनु पर्दछ।

(३) द्वन्द्व लम्बिदै जाँदा विभिन्न पक्षको निहित स्वार्थ अगाडि आउने हुँदा शान्ति सम्झौतामा हस्ताक्षर नभएसम्म सहमतिका बुँदाहरूलाई गोप्य राखिने गरिन्छ। तर निर्णय प्रकृया अत्यन्त केन्द्रिकृत र अपारदर्शी हुँदा पनि शान्ति प्रकृया कठिन र शंकाको घेरामा रहन्छ। त्यसले सन्तुलन खोजिनु पर्छ।

(४) द्वन्द्वको दौरानमा जनतालाई सचेत गराउन राजनीतिक नेतृत्वले धरै ठूलो भूमिका खेल्नु पर्दछ। राजनीतिक नेतृत्वको मिडिया कभरेज बढी हुने भएकोले उनीहरूका आवाज सशक्त हुन्छन्।

(५) नागरिक समाजले सदैव वैकल्पिक सामाजिक संरचनाको परिकल्पनाबारे संवाद चलाउनु पर्दछ। उनीहरूको दुवै पक्षलाई वार्तामा ल्याउन दवाव सृजना गर्ने र द्वन्द्वको विकल्प खोज्ने महत्त्वपूर्ण भूमिका हुनुपर्छ।

(६) अस्थायी नै भएपनि शान्तिले वार्ताको अवसर प्रदान गर्ने भएकोले 'सुन्दर लडाई' भन्दा 'खराब शान्ति नै ठिक' हुन्छ। शान्ति प्रकृयालाई सही तरिकाले अगाडि बढाउन युद्ध विराम अपरिहार्य हुन्छ।

(७) अन्तर्राष्ट्रिय मध्यस्थताले द्वन्द्वरत पक्षबीच विश्वासको वातावरण सिर्जना गर्न मदत पुऱ्याउँछ।

(८) शान्ति कायम गर्न संधै आशावादी धारणाको आवश्यकता पर्दछ।

(९) युद्ध व्यापारी (अर्थात् वार इन्टरप्रीन्युएर) ले वार्ता विथोल्ने हुँदा चनाखो हुनुपर्छ।

(१०) युद्ध चर्काउन र शान्ति स्थापना गर्न दुवैमा छिमेकी राष्ट्र र द्वन्द्वरत देशको भूराजनीतिक परिस्थितिको ठूलो भूमिका हुन्छ।





# हाम्रो पुस्तकालय

शान्तिका लागि सहकार्यले अध्ययन/अनुसन्धान गर्न चाहने व्यक्तिहरूलाई द्वन्द्वसम्बन्धी आवश्यक सामग्री एकै थलोमा उपलब्ध गराउने उद्धेश्यले एउटा पुस्तकालयको स्थापना गरेको छ। यस पुस्तकालयमा द्वन्द्व रूपान्तरण, शान्ति प्रक्रिया, रणनीतिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, युद्ध, आतंकवाद, मानवअधिकार, नेपालको राजनीति लगायत विभिन्न विषयहरूसँग सम्बन्धित पुस्तक, जर्नल, पत्रपत्रिका र प्रतिवेदनहरु राखिएका छन्। पुस्तकालयको प्रयोगलाई सरल र व्यवस्थित बनाउन कम्प्युटर डेटावेस पनि स्थापना गरिएको छ। यस विषयमा रूचि राख्ने अध्येताहरूको सुविधाका निम्ति उपलब्ध सम्पूर्ण सामाग्रीहरूको सूचीलाई वेभसाइट (www.friendsforpeace.org.np/library.htm) मा राखिएको छ। पुस्तकालय सोमबारदेखि शुक्रबारसम्म (बिहान ११ बजेदेखि बेलुकी ४ बजेसम्म) खुला रहने छ।



# नेपालमा हल्का अस्त्रको प्रसार र यसबाट सिर्जित समस्या : एक छलफल

नेपालमा साना हतियार र हल्का अस्त्रको प्रसार र यसबाट उत्पन्न समस्याको बारेमा छलफल र बहस चलाउने उद्देश्यले शान्तिका लागि सहकार्यले हिरण्यलाल श्रेष्ठमार्फत यो अध्ययन गराएको हो। साना हतियार र हल्का अस्त्रको संक्षिप्त आंकलन प्रस्तुत गर्ने उद्देश्यले काकरभिट्टा/पानीटैंकी, रानी/जोगबनी, विरगञ्ज/रक्सौल, सुनौली/नौतनवा, कृष्णनगर (मर्यादपुर)/बदनी, कोईलावास/जरूवा, नेपालगञ्ज/रूपईडिहा, धनगढी/गौरीफन्टा र गड्डी (बेलौटी)/वनवासा नाकाहरूमा स्थलगत सर्वेक्षण गरी केही आधारभूत तथ्याङ्कहरू संकलन गरिएको छ।

उपलब्ध तथ्याङ्कहरू र विभिन्न श्रोतहरूका आधारमा यो अध्ययनले शाही नेपाली सेनासँग एक लाख, सशस्त्र प्रहरीसँग १६ हजार, नेपाल प्रहरीसँग ५० हजार हातहतियारहरू रहेको बताएको छ। त्यसैगरी निजी सुरक्षा गार्डहरूसँग पाँच हजार, बैंक सुरक्षा गार्डहरूसँग दुई हजार र आम नागरिकहरूले लाईसेन्स लिएर राखेका ३५ हजार हतियारहरू छन्। माओवादीहरूको एउटा अनौपचारिक सर्वेक्षण अनुसार नेपालमा करिब ५७ हजार गैरकानुनी बन्दुकहरू भएको अनुमान गरिएको छ, जसमध्ये १० हजार काठमाडौं उपत्यका भित्रमात्रै रहेको अनुमान छ।

त्यसैगरी नेकपा (माओवादी) ले स्थानीय व्यक्तिहरूबाट खोसेका, प्रहरी चौकी आक्रमण गरी लुटेका, दाङ र बेनीमा ठूलो आक्रमण गरी शाही नेपाली सेनाको स्थानीय भण्डारबाट लुटेका र सीमापारीबाट तस्करी गरी आपूर्ति गरेका समेत गरी करीब २५ हजार जति हतियार जम्मा गरेको अनुमान गरिएको छ। त्यसैगरी, करीब ५० हजार जनमिलिसियालाई सकेट बम, पाइप बम, प्रेशर कुकर बम र अन्य बिष्फोटक पदाथ प्रयोग गर्ने, बारूदी सुरूङ्ग बिछ्याउने आदि काममा लगाइएको अनुमान गरिएको छ।

विगत केही वर्षमा सरकारले सुरक्षा खर्चमा तीन सय प्रतिशत बजेट बृद्धि गरेबाट पनि हात हतियारको संख्यामा व्यापक बृद्धि भएको अनुमान गर्न सकिन्छ।

स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार धरैजसो हतियारहरू सीमापारी भारतको अवैध हतियार बजारबाट तस्करी गरेर नेपाल भित्र्याईने गरेको छ। केही हतियारहरू पाकिस्तान र चीनबाट समेत आयात हुने गरेका छन्। स्थानीय जनतासँग भएका हतियारहरूमा १८ प्रतिशत कट्वा (हातले बनाएको), १७ प्रतिशत भरूवा, १६ प्रतिशत बाह्रबोर, १६ प्रतिशत बाइसबोर, १६ प्रतिशत एअर गन, १३ प्रतिशत राईफल र ४ प्रतिशत सटगन आदि छन्। त्यसै गरी, विगत छ वर्षमा नेपालमा बारूदी सुरूङ्गको प्रयोग अत्याधिक बढेको छ। सन् १९९८ देखि २००४ को जुनसम्ममा बारूदी सुरूङ्गबाट कुल २४८१ जना पीडित भएकामा १०३१ जनाको मृत्यु भएको छ।

यस अध्ययनबाट प्राप्त आंकलनबाट हतियारको व्यापक दुरूपयोगले ज्यादै संवेदनशील अवस्थाको सिर्जना भईसकेको प्रष्ट हुन्छ। यसको नियन्त्रण गर्न व्यापक जनचेतना जगाउने, प्रभावकारी कानुनी व्यवस्था गर्ने र साना हतियार र हल्का अस्त्रको अवैध व्यापार रोक्न संयुक्त राष्ट्र संघद्वारा आयोजित सम्मेलनबाट पारित कार्ययोजनालाई नेपालले पनि लागू गर्नेतर्फ दवाव सिर्जना गर्नु पर्ने आवश्यकता टड्कारो देखिएको छ।

# नेपालमा सुरक्षा क्षेत्र सुधार : अवसर र चुनौतिहरू

प्रस्तुत अनुसन्धान प्रा. ध्रुव कुमार र हरि शर्माद्वारा संयुक्तरूपमा तयार पारिएको हो। यो अनुसन्धानले सुरक्षा क्षेत्रको अवधारणात्मक परिचय गराउँछ। सुरक्षा क्षेत्र सुधारले ठूलो महत्त्व राख्दछ तर यो विषयमा नेपालमा विरलै छलफल हुने गरेको पाइएको छ। शाही नेपाली सेना, प्रहरी बल र सुरक्षा परिषदको उत्तरदायित्व र जिम्मेवारीका बारेमा प्रश्न नउठ्ने गरेको होइन। तापनि यो पूर्ण सुधारको विषय अझै बन्न सकेको छैन। बाह्य दाताहरूले विकास र मानव सुरक्षाको अभिन्न सम्बन्ध भएको कुरालाई स्वीकार्दै गएकाले यो अहिले आन्तरिक रूपले अनिच्छापूर्वक स्वीकारिएको तर बाह्य रूपले थोपरिएको विषय जस्तो देखिएको छ। सुरक्षाक्षेत्र भन्नाले राज्यको त्यो सशस्त्र संयन्त्र भन्ने बुझिन्छ जसका आधारमा राज्यले जनताको सम्पत्तिको रक्षा र मुलुकको स्वार्थमा शान्ति सुव्यवस्था लागू गर्न गरेको व्यवस्था हो। नेपालमा सुरक्षा क्षेत्र भन्नाले सेना, अर्धसैनिक बल, प्रहरी बल, जासुसी संगठनहरू र राष्ट्रिय सुरक्षासित सम्बन्धित निकायहरू भन्ने बुझिन्छ। सिद्धान्ततः सुरक्षाक्षेत्र; कार्यकारिणी, व्यवस्थापिका, न्यायपालिका, वित्तीय तथा लेखानियन्त्रण गर्ने निकायहरु, सुपरिवेक्षणकारी राज्यका अन्य अंगहरू र नागरिक प्रशासनबाट परिचालित भएको हुन्छ।

पहिलेदेखि सुरक्षाक्षेत्रको व्यवस्थापन राज्यको एकलौटी अधिकारको कुरा भएकाले सुरक्षाक्षेत्र सुधारको अवधारणा अझैपनि यहाँका लागि नयाँ छ। सुरक्षाक्षेत्र सुधार भन्नाले राज्यको सुरक्षा संयन्त्रलाई देशका नागरिकहरू र राज्यको हित हुनेगरी प्रजातान्त्रिक तरिकाले सञ्चालन गर्नु हो। यसका राजनीतिक, संस्थागत, आर्थिक र सामाजिक आयामहरू छन् जस्ले सुरक्षाक्षेत्रलाई प्रजातान्त्रिक र गैरसैनिक संस्थाप्रति जिम्मेवार र उत्तरदायी बनाउँछन्। सुरक्षा क्षेत्र सुधार राज्यकेन्द्रित दृष्टिकोणभन्दा मौलिकरूपले नै फरक छ र मानव सुरक्षाको अवधारणसँग अभिन्न रूपले जोडिएको छ। यो त्यो प्रक्रिया हो जसले जनतालाई सुरक्षाको प्रत्याभूति गर्दछ। त्यसकारण सुरक्षाक्षेत्र सुधारले राज्यको प्रकृति, शासन व्यवस्थाको प्रकार र विद्यमान सैनिक तथा गैरसैनिक सम्बन्धसँग सरोकार राख्दछ। प्रजातान्त्रिक शासन व्यवस्थामा सुरक्षा क्षेत्र सुधारको मूलभूत विषय हो तर नेपालको हकमा यसलाई महत्त्व दिइएको पाईंदैन। राज्य सुरक्षाकर्मीहरूको संख्या बढाउन र हतियार किन्न व्यस्त भएको बेला सुरक्षा क्षेत्र सुधारले प्राथमिकता पाउँदैन।

यस अध्ययनलाई चार भागमा विभाजन गरिएको छ। प्रथम भागमा नेपालमा सुरक्षा क्षेत्रको संरचना, सुरक्षा क्षेत्र सुधारको अवधारणाको उत्पत्ती र यसबारे दाता समुदायको सोचाइको बारेमा चर्चा गर्नुका साथै संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र आर्थिक सहयोग र विकास संगठन (OECD) को सुरक्षा क्षेत्र सुधारसम्बन्धी दृष्टिकोणको तुलनात्मक अध्ययन गरिएको छ। दोश्रो भागमा सुरक्षाक्षेत्रको अवधारणा र यो नेपालमा लागू हुनसक्छ कि सक्तैन भन्ने विषयमा अन्वेषण गरिएको छ। तेश्रो भागमा नेपालको सुरक्षा क्षेत्रको सञ्चालन पद्धति (Operational Module) र त्यसको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने संस्थाहरूको बारेमा छलफल गरिएको छ। अन्तिम र चौथो भागमा वर्तमान द्वन्द्व समाधानका सम्भावनाहरूको बारेमा छलफल गरिएको छ, र द्वन्द्वोत्तर रूपान्तरणको अवस्थामा सुरक्षा क्षेत्र सुधार प्रक्रियाले सामना गर्नुपर्ने सम्भावित समस्याहरू र तिनका निदानका उपायहरूको खोजी गरिएको छ।

## वर्तमान राजनीतिक परिस्थिति

# शान्तिको मापदण्ड अनुकूल छैन

**पूर्व सभामूख दमननाथ ढुङ्गानासँग वर्तमान राजनैतिक परिस्थिति र द्वन्द्वको अवस्था, भविष्यमा हुने शान्ति वार्ता र सहजकर्ताको रूपमा विगतका दुईवटा शान्ति वार्तामा उहाँको भूमिकामा केन्द्रित रहेर शान्तिका लागि सहकार्यकी *सुजाता थापाले* लिनु भएको अन्तर्वार्ताको विवरण तल प्रस्तुत गरिएको छ ।**



**दमननाथ ढुङ्गाना**
*पूर्व सभामुख*

*अहिलेको राजनीतिक परिस्थितिलाई कसरी आँकलन गर्नु भएको छ ?*

अहिलेको मूलकुरा भनेको शान्ति हो। राजनीतिक परिस्थिति शान्ति स्थापनाको दिशामा उन्मुख छ कि छैन हेर्नु पर्ने मुख्य कुरा नै यही हो। यसरी हेर्दा म अहिले नेपालको राजनीतिक परिस्थिति शान्ति फर्काउने कुरामा उन्मुख देख्दिन। अहिलेको हिंसा, द्वन्द्व र अशान्तिको परिस्थितिलाई सबै जिम्मेवार ठांउले आ-आफ्नो निहित स्वार्थका लागि प्रयोग वा उपयोग गरिरहेको देखिन्छ। जनताले खोजेको शान्तिको पक्षमा र एजेण्डामा कुनै पनि राजनीतिक नेतृत्वले आफ्नो सङ्गठनलाई लगाउन खोजेको पाईंदैन। वर्तमान राजनीतिक परिस्थिति शान्तिको मापदण्ड अनुकूल छैन।

हिंसा, हत्या साँच्चै पीडादायी अवस्था हो। मान्छेको जीउने हक, परिवारसँग बस्ने हक, त्रासरहित वातावरणमा जीविकोपार्जन गर्ने हक इत्यादि मानव अधिकारहरूको उलंघन कसैबाट नभिदिए हुन्थ्यो। भिडन्त भनेर मारिने, थुनुवाहरू झिकेर मारिने, सुराकी भनेर वा अपहरण गरेर मारिने एवं ठाउँ-ठाउँमा धराप बिछ्याएर मारिने अनि युद्धमा संलग्न नभएका निर्दोषहरू दुवै पक्षबाट धमाधम मर्माहत हुने परिस्थिति तथा क्रम रोकिईहाले हुन्थ्यो।

आजको नेपालमा हिंसा द्वारा सिर्जित संकट भन्दा पनि मूल समस्या नागरिक समाधान पृष्टभूमिमा पार्ने प्रवृत्ति हो। सैनिकीकरणका साथै विशेष गरी हतियार भित्र्याएर निहित स्वार्थ पुरा गर्ने मनोवृत्ति हो। वार्ता अघि नबढ्नु भनेकै शान्ति भडुँवाहरू शान्तिबारे जिम्मेवार ठाउँमा रहेर साखिल्लो बन्नु हो। वार्ता अडकाउने शान्ति भँडुवाहरूलाई जनताले चिन्नु पर्दछ। शान्ति प्रकृया अघि बढन अनुकूल परिस्थिति न बन्नु पछाडि रहेका खास-खास कारणहरू मेटाउनु पर्दछ। जस्तो कि : १) सत्ता जनतामा हस्तान्तरण नगर्ने भित्री ईच्छा, २) संविधानसभाको प्रक्रिया स्वीकार गर्दा हतियार बिसाउने प्रत्याभूतिको अभाव, ३) शान्ति प्रक्रियाप्रति अप्रतिवद्ध सरकार, ४) नागरिक समाजका तर्फबाट "राष्ट्रिय शान्ति एजेण्डा" तयार नभईसकेको अवस्था, ५) यीनै सब कारण विकसित अविश्वास वा अविश्वसनीयता हटाउन बाह्य मध्यस्थता वा प्रत्याभूतिकर्ता (Guarantor) को खोजी आदि ईत्यादि।

*विगतका दुई महिनामा नयाँ पहलहरू भएका छन् । सरकारका तर्फबाट उच्चस्तरीय शान्ति समितिको गठन भएको छ भने नागरिक समाजका तर्फबाट नागरिक शान्ति आयोगको पनि गठन भएको छ । यी दुई पहलहरूले द्वन्द्व स्पान्तरण र शान्ति स्थापनामा कस्तो भूमिका खेलेका छन् र खेल्न सक्छ जस्तो लाग्छ ?*

पहल नहुनुभन्दा पहल हुनु धेरै राम्रो। पहल त पहिले पनि धेरै किसिमका भएकै हुन्। द्वन्द्व र हिंसा बढ्दै जाँदा धेरै किसिमका पहलहरू हुँदै जान्छन्। विगत र वर्तमानका पहलहरू शान्ति स्थापना तर्फ साँच्चै उन्मुख भए भएनन् वा यीनले उत्साहवर्धक परिणाम ल्याउन सके सकेनन् भन्ने नै हेरिनु पर्ने मुख्य कुरा हो। साथै, नेपालको वर्तमान द्वन्द्वमा जनता वास्तवमा सार्वभौम हुने कुरा मुख्य विषय हो। यी पहलहरूले सत्ता जनताको हातमा संस्थागतरूपमा पुऱ्याउने खालका पक्का कदम चाल्न सके भने हतियार उठाउने माओवादीलाई पनि सांच्चै अप्ठ्यारो पर्न थाल्नेछ। उनीहरूले सत्ता जनताको हातमा छैन भनिरहेका छन्। जबसम्म हामीले सत्ता जनतामा पुऱ्याउने प्रकृया प्रष्टसँग प्रारम्भ गर्दैनौ तबसम्म उल्लेखित कुनै पनि पहलले, आ-आफ्ना परिधिका सानातिना कामहरू त गर्लान तर, द्वन्द्वको खास विवाद-बिन्दुलाई सम्बोधन गर्न सक्ने छैनन्। वास्तविक सत्ता जनतामा रहने कुराको थालनी २००७ सालमा भएको हो। २०१५ सालसम्म त्यो फेरि अल्मलियो। २०१७ सालमा विथोलियो। २०४६ सालमा हस्तान्तरण प्रक्रिया शुरु भयो। २०४७ सालको संविधानले नेपालको सार्वभौमसत्ता जनतामा निहित भएको घोषणा गऱ्यो। तर २०५९ साल असोज १८ देखि सत्ता जनताको हातमा छैन भनियो। संविधानलाई निष्कृय पारियो। संविधान विपरित क्रिया एवं संविधान बाहिर जाने कृयाकलाप नै प्रतिगमन हो। यो सरकार आश्विन १८ गतेको एजेण्डामा काम गर्ने सरकार हो। श्री ५ को ईच्छा पुऱ्याउनु नै यसको मुख्य काम हो।

*सत्ता जनताका हातमा नभएको कारणले मात्र माओवादीहरूले हतियार उठाएका हुन् त ?*

माओवादीहरू आश्वीन १८ गते अगाडि देखि नै सत्ता वास्तवमा जनतामा हस्तान्तरण भएको छैन र जनवादी कम्युनिष्ट क्रान्तिबाट मात्र त्यो सम्भव छ भन्दै हतियार उठाउँदै हिँडेका हुन्। जनता प्रतिको जिम्मेवारी पूरा हुन सकेन, भ्रष्टाचार भयो, सुशासन भएन अथवा कतिपय अवस्थामा आचरण ठीक भएन र राष्ट्रिय जिम्मेवारीमा बसेका व्यक्तिहरूले आफूलाई स-साना स्वार्थभन्दा माथि उठाउन सकेनन् इत्यादि कुरा हामी पनि स्वीकार गर्दछौं। २०४६-४७ साल पछि जनताले निर्वाचन प्रणालीद्वारा आफ्नो इच्छाको राज्य-पद्धति र प्रकृयाको उपयोग गर्न लागेका थिए। वर्तमान अवस्थामा त त्यो पनि प्राप्त भइरहेको छैन। निर्वाचन पनि निर्विध्नसंग हुन सक्ने स्थिति छैन। यी सबले गर्दा आज झनै सत्ता जनताको हातमा नभएको यथार्थ छर्लङ्ग छ। त्यतिकै कारण हतियार उठाएर मात्र सत्ता जनतामा सार्न सकिन्छ अथवा हतियार उठाएर मात्र अग्रगमनतिर पुग्न सकिन्छ भन्ने स्वीकार गरी हाल्नु हुँदैन। हतियार नउठाए पनि ठूला ठूला परिवर्तनका, जनताका, काम गर्न सकिन्छ। एकातिर माओवादीले कट्टर जनवादी क्रान्तिको कुरा गर्दै हतियार उठाए भने अर्कोतिर जनआन्दोलनका प्रमुख घटकहरू जनतालाई धोखा दिन अघि सरे। यी

सबले गर्दा पनि प्रतिगमनकारीहरूलाई माओवादी संकटका नाममा जनतालाई २०४६-४७ सालको परिवर्तनले प्रदान गरेको अधिकार खोस्ने मौका वा बहाना मिल्यो। उनीहरूलाई अरु चलखेलको मौका दिनुको साटो, मलाई के लाग्दछ भने, जनआन्दोलनका प्रमूख दलहरूले माओवादीलाई हतियार त्याग्न संयूक्त आग्रह गरेर जनतामा निहित सार्वभौमसत्ता एवं प्रजातान्त्रिक बहुलवादको निमित्त शान्तिपूर्ण वार्तामा आउन अथवा निर्णायक संवैधानिक संघर्षमा उत्रन आव्हान गर्नु पर्छ। एउटा टेबलमा सबै जुट्नै पर्दछ। ऐक्यबद्धताबाट पनि जनतामा सत्ता हस्तान्तरण गर्न गराउन सकिन्छ भन्ने कुरामा विवादै गरिहाल्नु पर्दैन। २०४७ सालको संविधानका पक्षधर अग्रगमनवादी सबै मिलेर माओवादीहरूलाई हामी पनि साँच्चै जनताको पक्षमा छौं भन्ने विश्वास तथा प्रत्याभूति दिलाउन सक्नु पर्दछ। अनि मात्र माओवादीहरू वार्तामा आउलान्। वार्ताको टेबुलमा बस्ने हाम्रो उद्देश्य भनेको नै जनतालाई सच्चा अधिकार प्रदान गरेर राज्य संचालनको निर्णायक ठाँउ वा आसनमा राख्ने हो। त्यो काम हामी छिट्टै यतैबाट शुरू गरौं, माओवादीहरू 'बुलेट' छोडेर 'ब्यालेट' को राजनीति गर्न आउनेछन् अथवा त्यो धान्न नसक्ने निष्कर्षमा तुरून्त पुग्ने छन्। हामी यता विभाजित भएर कमजोर भएकालेनै माओवादीहरू उता एकतावद्ध भएर बलिया जस्ता देखिन पुगेका हुन्। हाम्रो निहित स्वार्थको राष्ट्रघाती होडबाजी नै माओवादीहरूको समर्पण शक्ति प्रभाव र अग्रगमन-आन्दोलनको आधार भईरहेछ। त्यसैले यो बुझ्न पर्ने कुरा छ कि माओवादी द्वन्द्व समाप्तिको साँचो प्रथमत: राज्यसंग छ। राज्य, सरकार र संसद पनि यथासमयमा सच्चा देशभक्तिपूर्ण, जनादेशप्राप्त एवं लोकप्रिय भएमा माओवादीहरूको पनि केही लाग्ने छैन। जिम्मेवार प्रजातन्त्र सम्मुख तिनिहरू कुनै बेला शिला खोज्दा पनि भेटिने छैनन्।

माओवादीहरूले पनि २०५२ सालको खुल्ला वातावरणमा समेत शान्तिपूर्ण तथा वैधानिक संघर्षमा नलागेर हतियार नै उठाउन किन लागे त्यो सांच्चै धेरैका लागि जिज्ञासा तथा असहमतीको विषय भएको छ। त्यसको एउटा प्रमुख कारण जनताले प्रजातन्त्रमा पनि आफ्ना जन्मशिद्ध अधिकारहरू राम्ररी उपयोग गर्न नपाउने गरी जनताका जिम्मेवार हातहरूमा नपरेको पुष्टि हुनु पक्कै हो। त्यस भन्दा पनि अझ खास कारण २०४७/०४८ पछि हाम्रा मुख्य दलहरूले जनतासँग गरेको वाचा तोड्नु एवं माओवादी उदय तथा हिंसात्मक मार्ग अवलम्वनको संभावनालाई ठीक परिप्रेक्ष्यमा बुझ्न नसक्नु र उपेक्षा गर्नु नै हो।

*नेपालको द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा अन्तर्राष्ट्रिय सहयोगलाई कसरी सकारात्मक ढङ्गले प्रयोग/उपयोग गर्न सकिन्छ ?*

हामीहरूका बीच आपसमा इमान्दारिता, एकता र क्षमता भएमा मात्र अन्तर्राष्ट्रिय जगतले हामीलाई मद्दत गर्न देखाएको उत्सुकता तथा तत्परता वास्तवमा हामी उचित तथा फलदायी तरिकाले प्रयोग गर्न सक्ने हुन्छौं। वर्तमान अवस्थामा हामीलाई सहयोग गर्न उनिहरूले देखाएको तत्परता पनि ठीकसँग ग्रहण गर्ने हामीसंग तागत छैन। अन्तर्राष्ट्रिय सहयोग माग्नु अघि हिंसा विरुद्ध तथा शान्तिका सम्बन्धमा हामीसँग व्यापक राष्ट्रिय सहमतीको एजेण्डा तयार हुनु पर्दछ साथै सर्वमान्य प्रजातान्त्रिक ढाँचा भित्र हामी निकटतम समयमा व्यापक सहमतीमा पुग्न सक्दछौं भन्ने तीनलाई चित्त बुझाउँदै जान पनि सक्नु पर्दछ। जनता प्रति जिम्मेवारी भएको संसद र सरकार गठन गर्न सक्नु पर्दछ। प्रजातन्त्रको निरन्तरता एवं राष्ट्रमुखी प्रतिबद्धताको प्रत्याभूति पनि गर्न सक्नु पर्दछ। मलाई बारम्बार लागेको के भने, प्रजातन्त्र भनेर मात्र पुगेन। प्रजातन्त्रको उद्देश्य बारे पुन: नवीन उन्मुखीकरण गर्दै, आत्म विश्वास जगाउँदै सर्वसाधारण जनतालाई नै शसक्तिकरण गर्ने प्रक्रिया विकास गर्नु पर्‍यो। यस्तै राष्ट्रिय एजेण्डा बनाएर कार्यान्वयन गर्नमा सबै जुट्नु पर्‍यो। अहिले हाम्रो विभाजनको कारण निष्ठावान कार्यान्वयन क्षमताको न्यूनता एवं राष्ट्रिय आचरणविहिनताको कारण पनि हामी तिनीहरूलाई उत्साहित गर्न सकिरहेका छैनौं। अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार युरोपेली समूहहरू पनि जरूर आएका छन्। तिनीहरूबाट हाम्रो द्वन्द्व, हिंसा तथा मानवअधिकारको खस्कँदो स्थिति सुधार्न अधिकतम मदत पुग्न सक्दथ्यो तर त्यसो भइरहेको छैन। किनभने खास राष्ट्रिय प्रयोजनमा भन्दापनि निहित स्वार्थहरूका झुण्ड-झुण्डमा, गैर-नागरिक तात्पर्य वा चुहावटमा हामी ती श्रोत र सहायता लगाईरहेका छौं। नागरिक शक्ति बढाउने भन्दा पनि सैनिक शक्ति बढाउने कुरामा आँखा गाढिरहेका छौं। हामीलाई वार्ता गराउन वा मदत गर्न चाहने उनीहरूको उदारतालाई सराहना नै गर्नु पर्दछ तर हाम्रो आन्तरिक व्यवस्था नमिलाईकन त्यसै अन्तराष्ट्रिय मद्दतको मात्र भर पर्दा पनि हामी झन–झन भासींदै जाने हुन्छौं। मुख्य कुरा अन्तर्राष्ट्रिय सहयोग प्रोत्साहित गर्ने वातावरण बनाउन प्रथमत: हामी आफैं आफ्नो राष्ट्रिय एजेण्डामा निश्चित हुनथालेको विश्वास दिलाउन सक्ने हुनु पर्दछ। अहिले हिंसा र अधिनायकवादका कारण भित्री मनदेखि हामीबाट कोही आश्वस्त छैन। हाम्रो अवस्था सुधार्ने पहिलो पहलकदमी हामीबाटै हुनु पर्दछ। त्यो नभएकोले हाम्रा शुभचिन्तक र सहयोगीहरू एक अर्थमा अहिले निराश पनि छन्। हामी एकबद्ध भएर सुध्रने लक्षण नदेखेरै उनीहरू बारम्बार "असफल राष्ट्र हुने बाटोमा हिड्दैछौ" भनी सतर्क गराउँदैछन्।

*शान्तिका लागि सहकार्य गर्न र आन्तरिक स्थिति ठीक बनाउन के गर्नु पर्दछ जस्तो लाग्छ ?*

प्रजातान्त्रिक बहुलवादी राष्ट्रिय पद्धतिका निमित्त व्यापक राष्ट्रिय सहमतिमा आधारित राष्ट्रिय एजेण्डा निश्चित तथा कार्यान्वयन गर्न हामी त्यस्तै अभियानमा एकवद्ध भएर जुट्नै पर्दछ। प्रत्येक राजनैतिक दलका आफ्ना आफना अडानहरू आ–आफ्ना स्वार्थहरू हुनु एवं बाध्यताहरू पनि हुनु स्वभाविकै हो। तापनि सबै साझा सहमतिमा नआई हुन्न। माओवादी अथवा कुनै पनि सम्भावित विद्रोहीहरूलाई पनि नल्याई हुन्न। सबै सहमतिमा आउन केही अडानहरू छोडन सक्नु पर्दछ तर केही कुरा यस्ता पनि हुन्छन् जसमा सम्झौता गर्न नसकिने हुन्छ। जस्तै, म पनि उदार प्रजातन्त्र र संविधानसभा छोडेर सम्झौता गर्न सक्दिन। तापनि सम्झौता गर्न नसकिने त्यस्ता कुरालाई पनि अर्को पक्षले आस्वस्त पार्न सकेमा लचिलो बनाउन सकिन्छ। माओबादीहरू संविधानसभाको कुरामा अडिग भए पनि प्रजातन्त्रवादीहरूका लागि पनि त्यो सिद्धान्त-माफिक कुरा नै हो। माओवादी नभए पनि ढीलोचाँडो मुलुक संविधानसभामा जान्थ्यो र गइसकेको छ। यसरी हेर्दा २०४७ सालको संविधानले दिएका अधिकारहरूको बाँडफाँड अब पुग्ने किसिमको हुन सकिरहेको छैन। श्री ५ सँग भएको शक्ति सन्तुलन अब भङ्ग भइसकेको छ। जनताको जिम्मामा आएको सार्वभौम सत्ता राजाबाट फिर्ता लिने काम भईसकेको छ। संविधानसभामा नगईकन दलितहरूको, जनजातीहरूको, महिलाहरूको, विभिन्न सीमान्त समुदायहरूको आवाज र आकांक्षाको कदर हुनै सक्दैन। त्यस्तै स्वायत्तता, संघियताको सवाल छ। समावेशी राज्य, राज्य पुर्नसंरचनाको आवाज पनि बुलन्द छ। यी सबै सवालहरूको सम्बोधन संविधानसभामा नगइ हुनै सक्दैन। व्यापक जनसहभागिता एवं जन स्वामित्वको भावना, संविधान प्रतिरक्षाका-शक्ति पैदा नगरी हुनै सक्दैन। संविधानसभाले स्वामित्व पैदा गर्दछ, संविधान निर्माणमा मेरो पनि हात छ र मेरो पनि कुरा सुनिएको छ, मैले नै बनाएको हो भन्ने अपनत्व पैदा गर्दछ। त्यो नै संविधानसभाको विशेषता र संविधानको सच्चा शक्ति हो।

२०४७ सालको संविधानमा पनि जनताको आवाज र भावनाको सम्मान गर्ने काम हुँदै नभएका होइनन्। त्यही संविधानलाई पनि असोज १८ गते अघि नै राम्रोसँग प्रयोग गरेको भए, त्यो संविधान संविधानसभाबाट निर्माण नभएको भए तापनि, हामीले त्यस प्रतिको विश्वास वमोजिम काम गरेको भए केही हुन सक्दथ्यो तर अहिले त्यो अवस्था पनि रहेन। जनताको भावना र आकांक्षाहरू अहिले समुद्रको छाल जस्तो उर्लिरहेका छन्। तीनको सच्चा प्रतिनिधित्व नगरी

तीनलाई सन्तुष्ट पार्न वा विश्वास दिलाउन सकिने ठाँउ छैन। संविधानसभाबाट मात्र बिग्रेको संतुलन मिलाउन र गुमेको विश्वास फर्काउन सकिने छ। यस देखि बाहेक मिलनबिन्दु कतै देखापर्दैन। जनताका अधिकार सुनिश्चित गर्न संविधानसभामा जाँदा के कस्ता विघ्न बाधा उपस्थित हुन सक्लान् बरू ती सबै सम्बोधन गर्न तीनका बारे समयमा नै पूर्व तयारी गर्नु नितान्त जरूरी भईसकेको छ। जति हामी ढीलो गर्छौं त्यति नै हामी गृहयुद्ध तिर धकेलिदै जानेछौं। स्थिति यस्तो पनि हुन सक्नेछ कि विदेशीहरूले आएर यहाँ मध्यस्थता मात्र होइन कि हस्तक्षेपकारी मेलमिलाप नै भए पनि गरी दिउन् भनेर हामी नै कुनै बेला चाहन सक्नेछौं। यस्तो दुर्दशा नहोस भन्नाका लागि पनि संविधानसभा नै चाहिँन्छ। संविधानसभाले मात्र हामीलाई माटो र मनको निदान दिन सक्नेछ। संविधानसभाले मात्र हामीलाई फेरि जगाउने छ। सर्वपक्षीय राष्ट्रिय सम्मेलन मार्फत संविधानसभामा जान नसके निर्णायक आन्दोलनमा नै जान पर्नेछ। अहिले मेलमिलापका ठाउँ छन्। यो अवसर गुमाएमा संविधानसभा धेरै समय र वलिदानको पृष्ठभूमिमा मात्र आउनेछ। भोलिको नेपालका लागि आज नयाँ पुस्ताले राजतन्त्र र प्रजातन्त्रसँग संगै जान सक्दछ वा सक्दैन भन्ने प्रश्नको जवाफ तुरून्त तुरून्त खोजिसकेको छ। नयाँ पुस्तालाई चित्त बुझाउन माओवादीलाई चुप लगाउन भन्दा धेरै गुणा गाह्रो छ। संबोधन गर्न पर्ने नयां प्रश्न अझ अरू पनि छन्। जस्तै - तराईको अलगाव भाव अन्त्य गर्नु पर्दछ।

*अहिले धेरै सँस्थाहरू शान्तिका लागि काम गर्न आइरहेका छन् यस्तो बेलामा यी संस्थाहरूको भूमिका कस्तो हुनु पर्दछ जस्तो लाग्दछ ?*

यी संस्थाहरू वा नागरिक समितिहरू आवश्यताले जन्माएका जनताका यन्त्रहरू हुन्। आवश्कता रहेसम्म यिनीहरू त्यस दिशामा उन्मुख भइरहनेछन्। हामीहरूले तिनका बारेमा अन्यथा चिताउनु हुँदैन। तिनीहरूलाई सकारात्मक तथा सहयोगात्मक रूपमा लिनु पर्दछ। यी सब संस्थाहरू उद्देश्य मूलक एवं जनताप्रति जवाफदेही हुनै पर्दछ। विदेशी सहायता लिइन्छ भने पारदर्शी हुनै पर्दछ। शान्ति र प्रजातन्त्रको पक्षमा यिनीहरू परिचालन हुनै पर्दछ। यिनीहरू कतिसम्म प्रभावकारी हुनसकेका छन् भन्ने कुराको मापदण्ड त ती जनता समक्ष कतिसम्म पुग्न सकेका छन् र जनताले यिनलाई कसरी हेरेका छन् भन्नेमा नै निर्भर गर्दछ। प्रभावकारिता नाप्ने मापदण्डको सूक्ष्मतामा म प्रवेश गर्न चाहन्न। अहिले शान्तिका लागि अग्रसर सबै संस्था, समिति वा समूहहरू शान्ति र प्रजातन्त्रकालागि मदतगार नै हुन् भन्ने विश्वास गर्दछु। सरकारको नीतिहीनता र पीडादायी अवस्था भने प्रसङ्गवस चर्चा गरिहालौं। विदेशी मुलुक वा संस्थाहरूबाट पूँजी आउँछ भन्दैमा जसले पनि लिन र जे पनि गर्न पाउने हुन दिनु हुँदैन। अनुशासन, अनुगमनको ठूलो खाँचो छ। विदेशी सहायतामा अति नै निर्भर रहने हाम्रो बानीले भोलिका दिनमा हामी राष्ट्रिय पूँजीलाई मतलव नराख्ने र परनिर्भरता मात्र बढाउने त हुने हैनौं भन्ने डर पनि प्रवल रूपमा दृष्टिगोचर हुन्छ। विदेशबाट आउने पूँजीका सम्बन्धमा नियन्त्रण हैन, अनुगमन तथा नियमन भने हुनै पर्दछ। स्वतन्त्रताको मतलब कसैलाई पनि छाडा हुन दिनु होईन।



# अन्तर्क्रिया कार्यक्रम सम्पन्न

शान्तिका लागि सहकार्यले मङ्सिर २०, २०६१ मा "दक्षिण एसियामा बढ्दो माओवादी विद्रोह र क्षेत्रीय सुरक्षाको प्रश्न" नामक अन्तर्क्रियाको आयोजना गरेको थियो। श्रोत व्यक्तिका रूपमा जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. एस.डी. मूनी हुनुहुन्थ्यो।

उक्त कार्यक्रमको अध्यक्षता शान्तिका लागि सहकार्यका अध्यक्ष लक्ष्मण अर्यालले गर्नुभएको थियो भने महासचिव गौरी प्रधानले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। कार्यक्रममा पूर्वसभामूख दमननाथ ढुङ्गानाले उक्त विषयमा केन्द्रित रही प्रा. मूनीको विश्लेषणमाथी टिप्पणी गर्नुभएको थियो।

डा. मूनीले नेपालका माओवादीहरूले आफ्नो मजबुत संस्थागत क्षमताको माध्यमबाट यो समस्याको बारेमा अन्तर्राष्ट्रिय ध्यानाकर्षण गराउन सफल भएको श्रेय उनीहरूलाई दिनुपर्ने धारणा व्यक्त गर्नुभयो। तर उहाँले यो समस्याको अन्तर्सम्बन्ध समाजका आर्थिक र सामाजिक संरचनासँग जोडिएकाले सैनिक समाधान कुनै पनि हालतमा सम्भव नभएको विचार व्यक्त गर्नुभयो। उहाँको विचारमा नेपाल र भारतका माओवादी समूहरूमा वैचारिक समानता भए पनि संरचनात्मक रूपमा थुप्रै भिन्नताहरू पनि छन्। नेपालका माओवादीहरूको आवाजलाई सुरुमा केही महत्त्व दिएको भए यो समस्या आजको स्थितिमा नआइपुग्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो।

सेप्टेम्बर ११, २००१ को घटना अघिसम्म पनि माओवादी विद्रोहलाई ठूलो सुरक्षा समस्याको रूपमा पनि लिइएको थिएन। उहाँको विचारमा घटनापछि पनि माओवादीहरूलाई सिधै आतंककारीको विल्ला भिराइहाल्नुको पछि पनि यो समस्यालाई समाधान गर्नेतर्फ भन्दा पनि यसलाई नजरअन्दाज गर्ने कार्य मात्र हो।

शान्ति स्थापनामा तेस्रो पक्षको संलग्नताको बारेमा पनि उक्त कार्यक्रममा छलफल भएको थियो। यस विषयमा डा. मूनीले तेस्रो पक्षलाई संलग्न गर्दा भएका असफलताको स्पष्ट उदाहरण दिँदै आफू त्यस्तो संग्लनताको पक्षमा नभएको विचार व्यक्त गर्नुभयो। उहाँले माओवादी समस्या नेपालको आन्तरिक समस्या भएकाले यसबारेमा नेपाली जनताहरू नै अन्तिम निर्णयकर्ता भएको विचार व्यक्त गर्नुभयो। अध्यक्ष अर्याल तथा पूर्व सभामूख ढुङ्गानाले नेपाल र भारतको बलियो सांस्कृतिक सम्बन्धलाई विचार गरी नेपालको शान्ति स्थापनाको प्रयासमा भारतको सकारात्मक भूमिका र सहयोगको आवश्यकता भएको तर्फ औंल्याउनु भयो। पूर्व सभामूख ढुङ्गानाले माओवादीलाई वार्ताको टेबुलमा बोलाउनु भन्दा पहिले संविधानसभासम्बन्धी आफ्नो अडान प्रष्ट पार्न सरकारलाई सल्लाह दिनुभएको थियो।



# शान्तिका लागि सहकार्यको पहिलो साधारण सभा सम्पन्न

शान्तिका लागि सहकार्य काठमाडौं जिल्ला प्रशासन कार्यालयमा २०६१ साल जेठ १५ गते दर्ता भएको द्वन्द्व रूपान्तरण र शान्ति सम्बन्धी अध्ययन गर्ने संस्था हो। २०६१/८/६ गते सम्पन्न यस संस्थाको साधारण सभा अघिसम्म ७ सदस्यीय तदर्थ समितिले यो संस्था संचालन गरेको थियो। यस समितिले आफ्नो ६ महिनाको कार्यकाल पूरा गरी प्रथम साधारण सभा सम्पन्न गऱ्यो। उक्त सभाको अध्यक्षता लक्ष्मण प्रसाद अर्यालले गर्नुभएको थियो भने महासचिव गौरी प्रधानले संस्थाको समग्र प्रतिवेदन र कोषाध्यक्ष पद्मलाल विश्वकर्माले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

यस साधारण सभाले ११ सदस्यीय कार्यकारिणी समिति र १० सदस्यीय सल्लाहकार समितिको गठन गऱ्यो।

यसअनुसार कार्यकारिणी समितिका अध्यक्षमा- लक्ष्मण प्रसाद अर्याल, उपाध्यक्ष– मीना आचार्य, महासचिव– गौरी प्रधान, कोषाध्यक्ष– पद्मलाल विश्वकर्मा र सदस्यहरूमा हर्क गुरुङ, पद्म ज्योति, डी.बी. गुरुङ, हमिद अन्सारी, पूर्णशोभा चित्रकार, मन्दिरा शर्मा र विष्णुराज उप्रेती रहनु भएको छ।

यसैगरी सल्लाहकार समितिमा दमननाथ ढुङ्गाना, साहना प्रधान, शैलेन्द्र कुमार उपाध्याय, पद्मरत्न तुलाधर, मथुरा प्रसाद श्रेष्ठ, हिमालय समशेर राणा, कुलचन्द्र गौतम, बीरेन्द्र प्रसाद मिश्र, प्रभा बस्नेत र खगेन्द्र प्रसाद भट्टराई रहनु भएको छ।

उपरोक्त समितिहरूको पदावधि एक वर्षको हुने छ।





## प्रकाशोन्मूख

शान्तिका लागि सहकार्यका विभिन्न अनुसन्धान कार्यहरू प्रकाशोन्मूख रहेका छन्। निम्न लिखित प्रकाशनहरू सर्वसाधारणको लागि नि:शुल्क उपलब्ध हुनेछन् :

- ध्रुव कुमार र हरि शर्माद्वारा सुरक्षा क्षेत्र सुधार सम्बन्धी विश्लेषणात्मक अनुसन्धान गरिएको छ। यो अनुसन्धान कार्यले सुरक्षा क्षेत्रको सुधारसँग सम्बन्धित समस्याहरूको विश्लेषण गरी प्रजातान्त्रिक नियन्त्रण र नागरिक सुपरिवेक्षण (Oversight) स्वीकार गर्ने, सुसङ्गठित सुरक्षा क्षेत्रको विकास गर्ने सुझावहरू प्रस्तुत गरेको छ।
- हिरण्यलाल श्रेष्ठद्वारा साना हतियार र हल्का अस्त्रसम्बन्धी छलफल अगाडि बढाउने उद्देश्यले कार्यपत्र तयार गर्नुभएको छ। यो प्रकाशन हुने क्रममा छ। यो पुस्तिकाले नेपालमा साना हतियार र हल्का अस्त्रको प्रसारबाट उत्पन्न समस्याहरूमाथि बृहद् छलफलको सुरुआत गर्ने लक्ष्य लिएको छ।
- द्वन्द्व पीडित देशहरू र शान्तिका प्रयासहरूका बारेमा आनन्द आदित्य, विष्णुराज उप्रेती र पूर्णकान्त अधिकारीद्वारा अनुसन्धान गरिएको छ। यस अनुसन्धानले विगत र वर्तमानमा द्वन्द्व ग्रसित देशहरूका शान्ति प्रक्रियाहरूको अनुभवबाट शान्ति स्थापनाको लागि उपयुक्त उपायहरूको खोजी गर्ने कार्य गरेको छ साथै विसैन्यीकरण र पुनर्स्थापनाका विषयहरूलाई पनि विश्लेषण गरेको छ।

## प्रकाशित



द्वन्द्व रूपान्तरणमा श्रीलङ्काको अनुभव *(नेपाली र अङ्ग्रेजी)*

दोलखा र रामेछाप जिल्लामा भएका शान्ति स्थापनासम्बन्धी गतिविधिहरू : एक अवलोकन *(नेपाली र अङ्ग्रेजी)*





आगामी शान्तिवार्ता : सम्भावना र चुनौतीहरू *(नेपाली)*

### सल्लाह तथा सुझावका लागि पत्रचार गर्ने ठेगाना

**शान्तिका लागि सहकार्य**
११७/३६, पूजा प्रतिष्ठान मार्ग, पुरानो बानेश्वर
पोष्ट बक्स नं. ११०३३, काठमाडौं, नेपाल
फोन : +९७७-१-४४८०४०६
फ्याक्स : +९७७-१-४४७२७९८
ईमेल : info@ffp.org.np
वेभसाईट : www.friendsforpeace.org.np